स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विराज भट्ट  एक नेपाली चर्चित एक्सन अभिनेता हुन् । उनले भोजपुरी सिनेमामा पनि काम गरेका छन् । ऊनी नेपाली चलचित्रमा सबैभन्दा लोकप्रिय अभिनेतामध्ये एक हुन् र भोजपुरी सिनेमामा "एक्शन स्टार" को रुपमा लोकप्रिय छन् । उनले थारु सिनेमामा पनि काम गरेका उनी उच्चतम शुल्क लिने अभिनेता मध्य एक हुन् ।

आजको विचार...



पुराना राजनीतिक... *(दुई पेजमा)*

डा. गणेशप्रसाद घिमिरे


अभिनेत्री नीति शाहले प्रेमी याञ्चित राणासँग फागुन दोस्रो साता सामाजिक र धार्मिक विधिअनुसार विवाह गर्ने भएकी छिन्। यी दुईजनाले फागुनको ८, ९ र १० गते विवाह गर्न लागेका हुन्। काठमाडौंमा हुने विवाहको लागि अहिल्यैदेखि तयारी सुरु भएको छ। उनीहरूले सामान्य ढंगले र सीमित पाहुनाको उपस्थितीमा विवाह गर्न लागेको बुझिएको छ।



❒ वर्ष ३१   अंक   १५९   ❒ २०८२   पुस २१ गते   सोमबार   5 January 2026, Monday   ❒ पृष्ठ संख्या ४   मूल्य रु ५/-

## संक्षिप्त समाचार

### घरको छत खस्दा ६ जनाको मृत्यु



**(रासस/सिन्हवा)**

**इस्लामाबाद,** पुस २०/पाकिस्तानको उत्तरी पश्चिमी प्रान्त खबर पख्तुनख्वामा (केपी) शनिबार बिहान घरको छत खस्दा छ जना व्यक्तिको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् । अधिकांश मृत्यु भएका व्यक्ति बच्चा हुन् । राज्य सञ्चालित रेस्क्यु ११२२ का अनुसार, यो घटना चर्सया जिल्लाको शाबकदार क्षेत्रमा बिहान करिब ४ बजे घटेको थियो । छत खस्दा त्यहाँका महिला र बच्चाहरू फसिएका थिए । रेस्क्यु ११२२ केपीका प्रवक्ता बिलाल अहमद फाइजीले सिन्हुआलाई जानकारी दिँदै भने,"घर माटोबाट बनाइएको थियो र वर्षाका कारण कमजोर भएको थियो।" घाइतेलाई प्राथमिक उपचार दिइएको र नजिकैको अस्पतालमा सारिएको छ । मृतकमा दुई देखि १४ वर्षका बच्चाहरू र २५ वर्षीया महिला रहेका छन् भने घाइतेमा पनि महिला र बालबालिका छन् ।

# घरदैलोमा घुम्ती शिविर : गाउँले खुसी

**कृष्ण पोखरेल**

**पाल्पा,** पुस २०/ जिल्लाको पूर्वखोला गाउँपालिका-२ जल्पाकी सिता दर्लामीलाई योजना सम्झौता गर्न पालिका जानुपर्ने थियो । तर समय र खर्च बढी लाग्ने भएपछि उनी सम्झौता गर्न जाने जागरमा थिइनन् । वडामा शिविर आएपछि भने अहिले उनले उत्साहित हुँदै योजना सम्झौता गराईन । शिविरमा सेवा लिन पुगेकी उनले भनिन् "पालिकामा योजना सम्झौता गर्न जादाँ करीव ४ हजार रुपैयाँ जति खर्च लाग्दथ्यो, गाडी रिजर्व गरेर नै वडाको योजना सम्झौता गर्न पालिका जानुपर्ने बाध्यता थियो तर वडामै पालिकाले घुम्ती शिविर सञ्चालन गरेर आफुजस्ता उपभोक्ता समितिलाई ठूलो राहत मिल्यो ।" उनी जस्तै यहाँका धेरै उपभोक्ताले गाउँघरमबाटै पालिकाबाट पाइने सेवा पाएपछि खसी भएका छन् ।

गाउँपालिकाले ६ वटै वडाका जनताको आवश्यकता, सहजता र पहुँचलाई केन्द्रमा राख्दै गाउँ बस्तीमा घुम्ती सेवा शिविर सञ्चालन गरेको छ । चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको क्रममा योजना सम्झौतादेखि बैंक खाता सञ्चालन, विभिन्न सामाजिक, आर्थिक र प्रशासनिक सेवाहरू गाउँपालिकाले



गाउँमै पुगेर उपलब्ध गराएको छ । गाउँपालिकाको यो अभियानले आफुहरुलाई धेरै सजिलो भएको भन्दै ज्येष्ठ नागरिकहरु खुसी भएका छन । अहिले अस्पतालमा उपचार गर्न देखी पालिका पाउने सेवा सुविधा लिन, विभिन्न किसिमका छुट सुविधा लिन पनि ६० बर्ष उमेर पार गरेका व्यक्तिहरुलाई ज्येष्ठ नागरिक परिचय पत्र अनिवार्य हुँदै गएको छ । पालिका गएर घर फर्किन दिनभरी लाग्दछ, आफ्नै घर अगाडि शिविर चलेको थाहा पाएर परिचय पत्र बनाउन आएको ज्येष्ठ नागरिक रन बहादुर रखाल मगरले बताए । हामी पन्ध्र जना साथीहरु मिलेर ज्येष्ठ नागरिक परिचय पत्र बनाउन शिविरमा आएको उनले सुनाए ।

गाउँपालिकाले वडाको टोल बस्तीमा पुगी एकिकृत घुम्ती सेवामा योजना सम्झौता, बैंक खाता सञ्चालन, व्यवसाय दर्ता तथा नवीकरण, अपाङ्गता परिचयपत्र वितरण, जन्म-मृत्यु दर्ता लगायतका पञ्जीकरण सेवा, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, नि:शुल्क स्वास्थ्य परीक्षण तथा औषधि वितरण, महिलाहरूको पाठेघर मुखको क्यान्सर परीक्षण, परिवार नियोजन सेवा, पशुपक्षी उपचार तथा औषधि वितरण, कृषि परामर्श र माटो परीक्षण, वैदेशिक रोजगार सम्बन्धी सेवा तथा परामर्श, घरजग्गा नक्सा पाससम्बन्धी अभिमुखीकरण, शैक्षिक परामर्श तथा अभिभावक विहिन बालबालिकालाई छात्रवृत्ति वितरण लगायतका सेवा प्रदान गरिएको गाउँपालिकाका प्रवक्ता मेहर सिंह थापाले बताए । घुम्ती शिविरमा ६ वटै वडाबाट ६५ वटा योजना सम्झौता भएका छन् भने ६५ वटा बैक उपभोक्ता समितिको बैक खाता सञ्चालन भएको छ । शिविरमा १७३ जनाले घरदैलोमै व्यवसाय दर्ता गराएका छन । २२२ जना जेष्ठ नागरिकले वडा कार्यालयबाटै जेष्ठ नागरिक परिचय बनाएका छन् । ९१ जना कृषकहरुले शिविरमा माटो परीक्षण गराए । ३६ जना अभिभावक विहिन बालबालिकालाई अन्य १ सय गरी १३६ जना बालबालिकाले शैक्षिक छात्रबृत्ति वितरण पाएका छन् । ५०८ घरधुरी कृषकका ८८९७ पशु पंक्षीहरुको लागि उपचार तथा औषधी वितरण गरिएको छ । यसैगरी स्वास्थ्यतर्फ ४४७ जनाले ओपिडी सेवा लिएका छन् भने ३९५ जनाले एचपिभि तथा डि एन ए सेवा लिएका छन् । १६४ जनाले भि आई ए सेवा लिएका छन् । १ जनाले आरएमजी सेवा पाएका छन् । भिआईए मध्ये ८ जना पोजेटिभ देखिएकोमा प्राथमिक उपचार गरी अन्य अस्पतालमा रिफर गरिएको छ । २१ जनाले परिवार नियोजनको इम्पलान्ट सेवा लिएका छन् । १२ जना पाठेघर खसेका विरामीको उपचार भएको छ । घुम्ती शिविरबाट ४९ जनाले वैदेशिक रोजगारीका विषयमा परामर्श सेवा पाएको, ३ जनाले श्रम स्विकृती पाएका छन् । २ जनाले अपाङ्गता परिचयपत्र पाएका छन् । ६ वटै वडामा सञ्चालन भएको घुम्ती शिविरमा नागरिकको उत्साहजनक सहभागिता भएको गाउँपालिकाका सूचना अधिकारी मोहन प्रसाद ढकालले बताए । गाउँ-गाउँमा भएका सेवा प्रवाहमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतसँग प्रत्यक्ष भेटघाट गर्दै आफ्ना गुनासा, सुझाव र समस्या राख्न पाउने अवसर पाएको सेवाग्राही डोलराज विकले बताए ।

*(...बाँकी अन्तिम पेजमा )*

## राष्ट्रिय झण्डाको सम्मान गरौं

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैन:

-राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न ।

-राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।

-व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।

-शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।

-शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतिक चिन्ह राख्न ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# आँधीखोला करिडोरको अर्मादीखोलामा पक्की पुल निर्माण गरिदैं

वालिङ (स्याङ्जा), पुस २०/ स्याङ्जाको वालिङ नगरपालिका-१ अर्मादीखोलामा पक्की पुल निर्माण थालिएको छ । वालिङ नगरपालिकाले निर्माण गरिरहेको आँधीखोला करिडोरअन्तर्गत वालिङ-१ बौवास्थित अर्मादीखोलामाथि पक्की पुल निर्माण थालिएको हो ।

नगरपालिकाले नगरको सीमानाभित्र आँधीखोलाको किनारैकिनार निर्माण गरेको आँधीखोला करिडोरको बौवास्थित अर्मादी खोलामा पक्की पुल निर्माणसँगै सिद्धार्थ राजमार्गको वैकल्पिक मार्गका रूपमा यो खण्डलाई प्रयोग गर्न सकिने भएको नगरपालिकाका इञ्जिनियर ध्रुर्व रेग्मीले जानकारी दिए । उनका अनुसार आँधीखोला र अर्मादीखोलाको दोभानमा पुल निर्माण हुने भएपछि वालिङ बजारबाट दैनिक वालिङ सरसफाइ केन्द्रमा आवतजावत सजह हुनेछ । "पुल सम्पन्न भएसँगै नगरको बजार क्षेत्रबाट दैनिक संकलन



हुने कुहिने, नकुहिने, सिसाजन्य तथा दिशाजन्य फोहोर सरसफाइ केन्द्रमा लैजान सहज हुनेछ", उनले भने, "साथै सिद्धार्थ राजमार्गको वैकल्पिक सडकका रूपमा पनि यसलाई प्रयोग गर्न सकिन्छ । यसले सर्वसाधारणलाई आवागमनमा सहज बनाउनुका साथै समय र खर्च बचत गर्ने अपेक्षा गरेका छौँ ।"
पुल निर्माणका लागि डिएसएमवाइ जेभीसँग विसं २०८३ जेठ मसान्तभित्र सम्पन्न गर्नेगरी तीन करोड ३७ लाखको लागतमा ठेक्का सम्झौता भएको इञ्जिनियर रेग्मीले जानकारी दिए । उनका अनुसार एउटा स्पानमा निर्माण हुने उक्त पुलको लम्बाइ २५ मिटर र फुटपाथसहित चौडाइ आठ दशमलव ४० मिटर हुनेछ । अहिले पुलको फाउण्डेसन निर्माण थालिएको उनले जानकारी दिए । हिउँदमा खोलाबाटै गाडी वार पार गरे पनि वर्षायाममा समस्या हुने तथा दैनिक ढुवानीका साथै फोहरमैलाका गाडी अन्यत्रबाट घुमाएर लानुपर्ने बाध्यता थियो । वर्षायाममा खेतीकिसानी गर्ने किसानले ट्याक्टर लैजान तथा अन्य साधन लिएर जान आउन पनि समस्या हुँदै आएको थियो ।

*(... बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भेनेजुएलाको प्रहार : अर्थतन्त्रमा पर्न सक्ने संकट

भेनेजुएला माथिको सैन्य प्रहारले देखाएको सन्देश स्पष्ट छ–युद्ध कुनै एक देशको सीमाभित्र सीमित रहँदैन । यसले विश्व अर्थतन्त्रलाई हल्लाउँछ, र एसियाली मुलुकहरूले अब वैकल्पिक ऊर्जा, कूटनीतिक सक्रियता र आर्थिक आत्मनिर्भरतामा गम्भीर सोच राख्नुपर्ने समय आएको छ । शान्ति नै स्थिर विकासको सबैभन्दा भरपर्दो आधार हो भन्ने तथ्य फेरि पुष्टि भएको छ । विश्व राजनीति फेरि एकपटक सैन्य द्वन्द्वको चपेटामा परेको छ । भेनेजुएला जस्तो तेल सम्पन्न मुलुकमाथि भएको सैन्य प्रहार केवल ल्याटिन अमेरिकाको आन्तरिक समस्या मात्र रहेन, यसले विश्वव्यापी अर्थतन्त्रमा, विशेषातः एसियाली बजारमा पनि गहिरो असर पार्ने संकेत देखाइ सकेको छ । आजको विश्व एक आपसमा गाँसिएको आर्थिक संरचनामा आधारित भएकाले कुनै एक भूगोलको अस्थिरताले टाढा रहेका मुलुकहरूलाई समेत प्रभावित बनाउँछ । भेनेजुएला विश्वका प्रमुख कच्चा तेल उत्पादक राष्ट्रमध्ये एक हो । त्यहाँको उत्पादन वा निर्यातमा अवरोध आएमा अन्तर्राष्ट्रिय बजारमा तेलको आपूर्ति घट्छ, जसको प्रत्यक्ष प्रभाव तेलको मूल्य वृद्धिमा देखिन्छ । एसियाका अधिकांश मुलुकहरू भारत, चीन, जापान, नेपाल समेत दक्षिण कोरिया जस्ता–ऊर्जा आवश्यकताका लागि आयातमा निर्भर छन् । तेलको मूल्य बढ्दा यातायात, उद्योग, कृषि तथा उपभोक्ता वस्तुको लागत एकैचोटि उकालो लाग्छ, जसले मुद्रास्फीति बढाउँने खतरा निम्त्याउँछ । त्यसैगरी, एसियाली शेयर बजारहरू युद्धजन्य समाचारप्रति अत्यन्त संवेदनशील हुन्छन् । भेनेजुएला संकट चर्किंदै जाँदा लगानीकर्ताहरू सुरक्षित लगानी घुम्चिने अवस्थाहरु छन । जसले विकासशील एसियाली बजारबाट पूँजी पलायनको अवस्था सिर्जना गर्न सक्छ । यसको प्रत्यक्ष असर मुद्रा विनिमय दरमा देखिन सक्छ, कमजोर मुद्रा र बढ्दो आयात खर्चले अर्थतन्त्रलाई थप दबाबमा पार्नेछ । चीन र भारतजस्ता मुलुकहरू भेनेजुएलासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा ऊर्जा तथा कच्चा पदार्थको व्यापारमा जोडिएका छन् । सैन्य प्रहारपछि प्रतिबन्ध, बीमा खर्च वृद्धि र ढुवानी जोखिम बढ्दा आपूर्ति श्रृंखला अवरुद्ध हुने खतरा बढेका छन् । यसले उत्पादन लागत बढाउने मात्र होइन, रोजगारी उद्योग, व्यवसायको वृद्धिमा समेत नकारात्मक प्रभाव पार्छ । नेपालजस्ता साना आयात निर्भर अर्थतन्त्रहरू पनि यसबाट अछुतो रहँदैनन् । इन्धन मूल्य बढ्दा ढुवानी खर्च, खाद्यान्न मूल्य र दैनिक उपभोग्य वस्तुको लागत बढ्छ, जसको मार अन्ततः सर्वसाधारण नागरिकले व्यहोर्नुपर्छ ।

### Opinion @ Socia Network

"जिन्दगीमा आश लाग्ने चिजहरु धेरै छन, तर
खास लाग्ने भनेको तिमी मात्र हौ आमा"...।
(शुसिलापोखरेलकोफेसबुकस्टाटसबाट www.facebook.com/sushila.pokharel )

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुराना राजनीतिक दल त्रासमा नयाँ उत्साहमा



डा. गणेशप्रसाद घिमिरे

*आउँदो निर्वाचनका लागि केही संख्यामा मतदाता थपिए । ती थपिएका मतदातालाई कसले रिझाउन सक्छ भन्ने सन्दर्भ नै आजको राजनीतिको केन्द्र हो । राजनीतिमा वर्षौदेखि रहेका दलहरू तथा तिनका मुख्य नेतालाई विस्थापित गर्ने उद्देश्य लिएर एकाकार भएका नयाँ दलका बीचको प्रतिस्पर्धा रोचक हुने नै छ । निर्वाचनपछिको परिणामले के देखाउने हो हेर्न बाँकी नै*

यही २०८२ साल फाल्गुण २१ गते सरकारले संसदीय निर्वाचन गर्ने दिन तोकेको छ । प्रधानमन्त्री उक्त निर्वाचन गर्ने उद्देश्य लिएर अघि बढेको देखियो । निर्वाचन आयोग पनि निर्वाचनलाई निर्विघ्नपूर्वक सम्पन्न गर्न कम्मर कसेर नै लागेको देखिन्छ । समानुपातिक बन्दसूची दलहरूले निर्वाचन आयोगमा बुझाएका छन् । प्रत्यक्ष निर्वाचनमा सहभागी हुन र आफूले विजय पाउने जिल्ला र क्षेत्र दलका नेताहरू छान्न लागि सके । अब हुने निर्वाचनलाई कसैले पनि रोक्न नसक्ने अवस्था आयो । कुनै भवितव्य परेन भने निर्वाचन हुने निश्चित नै भइसकेको छ । निर्वाचनपछिको अवस्था भने अहिलेलाई आंकलन गर्न सकिँदैन ।

आउँदो निर्वाचनका लागि केही संख्यामा मतदाता थपिए । ती थपिएका मतदातालाई कसले रिझाउन सक्छ भन्ने सन्दर्भ नै आजको राजनीतिको केन्द्र हो । राजनीतिमा वर्षौदेखि रहेका दलहरू तथा तिनका मुख्य नेतालाई विस्थापित गर्ने उद्देश्य लिएर एकाकार भएका नयाँ दलका बीचको प्रतिस्पर्धा रोचक हुने नै छ । निर्वाचनपछिको परिणामले के देखाउने हो हेर्न बाँकी नै छ । नयाँ दलमा उत्साह छ भने पुराना दलमा त्रास छाएको छ । पुराना दलका केही नेता अब निर्वाचन नलड्ने भन्दै आफ्नो अभिव्यक्ति दिइरहेका छन् । यो अवस्थामा हुने निर्वाचनका परिणाम कस्तो होला ?

**पुरानामा त्रास**

नेपालको राजनीतिमा एकछत्र शासन गरेका नेपाली कांग्रेस, एमाले र तत्कालीन माओवादी आजको नेपाली कम्युनिष्ट पार्टी त्रासमा देखापरेका छन् । भदौमा भएको जेन-जी आन्दोलनका निम्तालु तिनै दलका शीर्ष नेता हुन् । २०४६ पछि र २०६२/०६३ पछि देशको शासनव्यवस्था गतिलो तरिकाले चलाइदिएको भए आजको अवस्था आउने थिएन । शासन चलाउँदा गरेका गल्ती र जनतामा देखापरेको आक्रोशले उनीहरू त्रासको अवस्थामा रहेको पाइन्छ । उनीहरूले गरेको राज्यको दोहनले आजको युवा उनीहरूप्रति आक्रोशित भएको पक्कै छ । आक्रोश व्यक्तिप्रति छ पार्टीप्रति भने होइन । पार्टीमा नयाँ पुस्ताले आफूलाई निर्वाचनमा होम्न सक्यो र हामीले गल्ती गर्‍यौं सुधार गर्छौं भन्यो भने पक्कै निर्वाचनको परिणाम भिन्न हुने संकेत नदेखिएला भन्न सकिँदैन तर त्यस किसिमको परिवर्तन महाधिवेशन गरेको एमालेमा देखिएन । जेन-जी आन्दोलनताका प्रधानमन्त्री रहेका खड्गप्रसाद ओली नै पार्टीका महाधिवेशन प्रतिनिधिबाट अनुमोदित भए । कांग्रेस कुन बाटोमा जाने हो अत्तोपत्तो छैन । औपचारिक रूपमा पन्ध्रौं महाधिवेशन स्थगनको घोषणा गरेर आफूलाई पुरानो नेतृत्वमा स्थापित गरेर बसेको छ । नयाँ नेतृत्व दिन आजका दिनसम्म असक्षम नै देखियो । यी दुबै दलका शीर्ष नेतामात्र होइन लोकप्रिय र विकासप्रेमी रहेको व्यक्ति पनि प्रत्यक्ष निर्वाचन लड्ने घोषणा गर्न सकिरहेको छैन । निर्वाचनमा हुने खर्च र निर्वाचन नजितिने हो कि ? भन्ने त्रासले सताइरहेको छ । यी दुबै दलका नेतालाई । जेन-जी आन्दोलनको लगत्तै आफ्नो केन्द्रीय समिति भंग गरेका प्रचण्ड पनि निर्वाचनबाट भाग्न सकिरहेका छैनन् र नेता कार्यकर्ता व्यवस्थापन गर्न पनि सकिरहेका छैनन् । उनी आफूलाई नेपाली राजनीतिको शिखरमा राख्ने चतुर खेलाडी हुन् । आज यी चतुर खेलाडी प्रचण्ड पनि निर्वाचनबाट भाग्न नसक्ने तर त्रासमा रहेको अभिव्यक्ति दिन थालेका छन् । राजनीति जहिले पनि सम्भावनाको खेल हो । राजनीतिमा जे पनि हुनसक्छ भन्ने तथ्यलाई नकार्न सकिँदैन । निर्वाचनमा को कोसित मिल्ने हो अड्कल काट्न सक्ने अवस्था छैन । जो पनि मिल्ने र जसले जसलाई पनि सघाउन सक्ने अवस्था पक्कै हो । जे होस् आफूलाई नेपालको राजनीतिमा सर्वेसर्वा मान्ने व्यक्तिसमेत आज त्रासमा देखापरेका छन् । समानुपातिकको सूचीमा देखापरेको आक्रोश र जनताले सामाजिक सञ्जालमार्फत गरेको खिसीटिउरीले आज नेपालको राजनीतिमा आउँदो निर्वाचनपछि के हुने हो भन्ने अड्कल काट्न गारो भएको छ राजनीतिक विश्लेषक र भविष्य वक्तालाई समेत । उनीहरूले व्यक्त गरेका अभिव्यक्तिमा निराशा नभए पनि जनताको अभिमत भने भिन्न आउने हो कि भन्ने चिन्ता रहेको पाइन्छ । निर्वाचनको परिणाम के हुने र पुराना दलका नेताको अवस्था तथा दलको पहिचान कसरी आउने हो भन्ने कुरा भने हेर्न नै बाँकी छ ।

**नयाँमा उत्साह**

सहकारी अभियोगमा थुनिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने धरौटीमा रिहा भए । रिहा भएलगत्तै उनको राजनीतिक सक्रियता बढेको छ । केही उपलब्धि पनि हाँसिल गरे । सामाजिक सञ्जालमा सधैं विवादित टिप्पणी गरेर चर्चामा रहने काठमाडौं महानगरप्रमुख बालेन साहलाई अफूनो पार्टीमा ल्याए र भावी प्रधानमन्त्री बनाउने सहमति नै गरे । बालेनलाई भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा जाने निर्णय गरेको छ उनको पार्टीले । गत निर्वाचनमा अप्रत्याशित सफलता पाएको उक्त पार्टी बहुमत नै लिएर आउने हो भनेजस्तै गरी निर्वाचनमा होमियो । समानुपातिक निर्वाचनको बन्दसूचीमा असन्तुष्टि उक्त पार्टीमा पनि नदेखिएको होइन । मतदाता हाम्रो पक्षमा छ भन्ने भ्रमलाई भने उक्त पार्टीले स्वीकार गरेको देखियो । नेपाललाई १८ घण्टे अँध्यारोबाट उज्यालो दिएका कुलमान घिसिङलाई पनि आफ्नो पार्टीमा समाहित गर्न सफल भए । उनको पार्टी पनि परित्याग गर्ने नेता नभएका होइनन् तर रविको सक्रियता र आमनिर्वाचनमा आफ्नो उपस्थितिलाई बहुमतसम्म पुर्‍याउन खोज्ने उनको सक्रियतालाई अस्वीकार गर्न भने मिल्दैन । आफू सहकारीको रकम अपचलनमा परेका कारण मतदाताले नरुचाउने हुन् कि भन्ने धारणाले भने रविमा वास गरेको देखियो । उनी डराए । आफूलाई प्रधानमन्त्री बनाउन रुचाएनन् । दुई पटक गृहमन्त्री बनेर पनि केही गर्न नसकेको यथार्थ उनलाई थाहा थियो । त्यसैले युवापुस्तामा लोकप्रिय, कम बोल्ने, सामाजिक सञ्जालमार्फत कडा रूपमा प्रस्तुत हुने बालेनलाई नै उनले प्रधानमन्त्री बनाउने उद्देश्य लिएर अघि बढे । आउँदो निर्वाचनले उनी र उनको पार्टीको पाइन देखिने नै छ । अन्य केही नयाँ दल खोलेर आफ्नो भाग्यलाई निर्वाचनमा होमेका व्यक्तिहरू छन् । कतिपय व्यक्ति जनताका माझ लोकप्रिय छन् भने कति आफ्नो माऊ पार्टीको असन्तुष्टि नयाँ दलमा पोखिन पुगेको देखिन्छ । यी सबैको सहभागिता आउँदो निर्वाचन केन्द्रित रहेको पाइन्छ । जनताको अभिमत कता हो त्यो भने हेर्न नै बाँकी छ । को जनताबाट अनुमोदित हुन्छ भन्ने तथ्यलाई अहिले नै भविष्यवाणी गर्ने अवस्था भने छैन । जुटाउने र मिलाउने को हो ? नेपालको राजनीति कहिले पनि जनता केन्द्रित भएन । पुराना र नयाँ दल पनि जनतालाई नै केन्द्रमा राखेर राजनीति गरिरहेका छन् भन्ने अड्कल कसैले काट्न सक्दैन । नेपाललाई सधैं अस्थिर राजनीतिमा राखेर आफ्नो स्वार्थ पूरा गर्ने शक्तिहरू नेपालको राजनीतिलाई दूषित बनाउने खेल बुनिरहेका छन् । आफूलाई स्वीकार गर्न शक्तिकेन्द्र धाउने प्रचलन नेपालको राजनीतिमा आजको देन होइन । नेपालको राजनीतिलाई मुख्यतः नेपालका दुई ठूला छिमेकीले नजिकबाट नियालिरहेका हुन्छन् । नियाल्ने मात्र होइन आवश्यक परे हस्तक्षेप गर्ने पनि गरेको देखिन्छ । उनीहरूको हस्तक्षेपले नेपालको राजनीति सदा अस्थिर बनेको देखिन्छ । यो कटु यथार्थ हो । दललाई फुटाउनु र जुटाउनु उनीहरूले नेपाली राजनीतिमा खेल्ने कुचक्र हो । हामी आफैं सक्षम भएनौं । त्यसैले यी दुबै छिमेकी हाम्रो राजनीतिमा हस्तक्षेपकारी भूमिकामा रहेका हुन्छन् । उनीहरूको भूमिकालाई तिरस्कार गर्ने हैसियत नेपालको राजनीतिमा कसैले पनि राख्दैन । यो घाम जस्तै छर्लंग नै छ । नेपाललाई आर्थिक सहयोग गरेर आफ्नो अभीष्ठ पूरा गर्ने विश्वका शक्ति राष्ट्र अमेरिका र युरोपीय युनियन पनि नेपालको राजनीतिमा चतुर खेलाडी बनेर घुसेका हुन्छन् । नेपालको सत्ता परिवर्तनमा यी शक्ति केन्द्रको महत्वपूर्ण हात रहेको तथ्यलाई कुनै राजनीतिक दलको वरिष्ट नेता वा सामान्य नेपालीले नकार्न सक्दैन । शक्तिकेन्द्रको गोटी बन्ने हाम्रा राजनीतिक दलका नेतालाई जुटाउने र फुटाउने काम यिनीहरूको रहेको तथ्यलाई सबै नेपालीले स्वीकार्नुपर्ने देखिन्छ । विकासमा नाममा दिइने अनुदान, ऋण र त्यसका पछि लुकेको नजानिँदो स्वार्थले नेपाल र नेपालीको भविष्यलाई नै चौपट पारेको तथ्यलाई नेपालीले नबुझेको पनि होइन । तर, सधैं नेपालको राजनीतिक दलका कार्यकर्ता बुझ पचाएर ढाडिएका हुन्छन् । विभिन्न एनजीओ र आइएनजीओमार्फत आउने रकमले नेपालको विकासमात्र गरेको छैन । हामीबीच लडाउने र आफ्नो स्वार्थसिद्ध गर्ने विदेशी तागतलाई पनि भित्र्याएको छ । आन्दोलनमा सहभागी हुने सामान्य नेपालीलाई यो तथ्य स्पष्ट नुहन सक्छ । आन्दोलनका नियामक मानिने र आफूलाई चतुर खेलाडी मान्ने राजनीतिज्ञ शक्तिकेन्द्रबाट परिचालित छ भन्नुलाई कसैले अस्वीकार गर्न सक्दैन । नेपालको यो राजनीतिक धरातलमा उभिएर हेर्ने हो भने अबको राजनीतिमा कुन शक्तिकेन्द्र हावी हुने हो भन्ने तथ्य बिस्तारै बाहिर आउनेछ । नेपालको राजनीतिले जहिले पनि जनतालाई दिग्भ्रमित पारेको देखिन्छ । जनतामा भ्रम छरेर निर्वाचन जित्ने परम्पराको अन्त्य र नेपाली जनताको कदर अब आउने नेता वा पार्टीले गरोस् भन्ने आशा गर्न सकिन्छ । तर यी सबै मिलाउने र फुटाउने शक्ति नेपाली जनता पक्कै होइनन् न राजनीतिक शीर्ष नेतृत्व नै हो । शक्तिकेन्द्रको चाकरी गरेर गरिएको राजनीतिले न त स्थिरता दिन्छ न राजनीति नै स्वस्थ हुन्छ । त्यसैले पुराना दललाई त्रास दिने र नयाँमा उत्साह भर्ने शक्तिकेन्द्रलाई परास्त गरेर स्वदेशलाई माया गर्ने व्यक्ति चुनौं निर्वाचनमा यदि छन् भनेमात्र ।

*-इहिमालय टाइम्स*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आँटेको कार्य सम्पादन गर्न सकिनेछ । कार्यक्षेत्रमा नयाँ काम बन्नेछ। | **तुला** : कीर्तिमानी र यश मिल्नेछ । समयको सदुपयोग हुनेछ । |
| **वृष** : बोलिले सहज रुपमा कार्यसम्पादन हुनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् । | **वृश्चिक** : धन जुटाउन सकिएला । आशा देखाउनेहरूले निराशा दिन सक्ने छन् । |
| **मिथुन** :कामले प्रतिष्ठामावृद्धि हुनेछ। योजनाबनाएर कार्य गर्नाले सफलता मिल्नेछ | **धनु** : रोकिएको काम बन्नेछ । आम्दानीको नयाँ स्रोत बढ्नेछ । |
| **कर्कट** : गोप्य कुरा बाहिरिनाले छ । स्वास्थ्यमा गडबडी हुनसक्ने छ । | **मकर** : आलस्यता पैदा हुनसक्छ। समाजमा नयाँउत्तरदायित्व वहन गर्नुपर्ला। |
| **सिंह** : समाजमा मानसम्मान बढ्नेछ । विद्या र धनार्जनमा सहायक हुनेछ । | **कुम्भ** : गुमेको स्थान प्राप्त हुने छ । समाजमा यश बढ्नेछ। |
| **कन्या** :प्रतिभा प्रदर्शन गर्ने अवसर छ,कार्यक्षेत्रबाट नयाँ कामको प्रस्ताव आउनेछ। | **मीन** : चुनौतीहरूको सामना गर्नुपर्ला । सवारी चलाउँदा सावधान रहनुहोस् । |

# शिक्षा

## विद्यालय तहमा बिमासम्बन्धी विषय राख्नेबारे छलफल





**काठमाडौं** , नेपाल बिमा प्राधिकरणले विद्यालय तहको सामाजिक अध्ययन विषयका पाठ्यपुस्तकमा समावेश गरिने बिमा शिक्षासम्बन्धी विषयवस्तुका बारेमा सरोकार भएका निकायसँग छलफल गरेको छ ।

कार्यालयमा भएको छलफलमा प्राधिकरणका अध्यक्ष जनकराज शर्माले विद्यालय तहदेखि पाठ्यपुस्तकमा बिमाको आवश्यकता र महत्व सम्बन्धी विषयवस्तु समावेश गरी यसलाई मानव जीवनको अभिन्न अङ्गका रूपमा विकास गर्नु आवश्यक रहेको बताए । उनले भने, "बिमाका बारेमा सानैदेखि जागरूक गराउनु आवश्यक छ, मानवजीवन र सम्पत्तिको वित्तीय सुरक्षण बिमाले गर्छ । बिमामार्फत जीवनलाई सहज रूपमा अगाडि बढाउन सकिन्छ भन्ने जानकारी हुनु आवश्यक छ । यसले बिमाको दायरा बढाउनुका साथै लागत घट्ने, जोखिम न्यूनीकरण हुने तथा समग्रमा मुलुकको आर्थिक विकासमा टेवा पुग्छ ।"

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले विद्यालय तहको अध्ययनका क्रममा विद्यार्थीले बिमाका बारेमा बुझ्न सकुन् र अध्ययनपश्चात् अरूलाई पनि यसका महत्वका बारेमा बुझाउन सकुन् भन्ने उद्देश्यले पाठ्यपुस्तकमा यसलाई समावेश गर्नुपर्ने धारणा राखे । त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक एवम् सामाजिक अध्ययन विषय समितिका अध्यक्ष प्राडा रामकृष्ण तिवारीले सामाजिक अध्ययन विषयका पाठ्यपुस्तक लेखन तथा प्रश्नपत्र तयारीका क्रममा बिमासम्बन्धी विषयवस्तुलाई प्रतिविम्बित गर्न सम्बन्धित पदाधिकारी, विषय विज्ञ र लेखकलाई आग्रह गरे । विद्यालय तहमा अनिवार्य विषयका रूपमा रहेको सामाजिक अध्ययन विषयका पाठ्यपुस्तकको परिमार्जन तथा पुनर्लेखनका क्रममा बिमा शिक्षासम्बन्धी विषयवस्तु समावेश गर्ने सम्बन्धमा छलफल गरी ठोस् निष्कर्ष निकाल्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको प्राधिकरणले जनाएको छ । कार्यक्रममा सामाजिक विषयअन्तर्गत कक्षा ४ देखि १२ का प्रस्तावित पाठ्यक्रममा बिमा शिक्षासम्बन्धी सम्भावित विषयवस्तुमाथि विस्तृत छलफल भएको थियो ।*-रासस*

## बालबालिका सामाजिक सञ्जालको सिकार




इन्टरनेट प्रविधिको बढ्दो प्रयोगले सामाजिक सञ्जालका विभिन्न माध्यमबाट बालबालिकाहरू साइबर अपराधका घटनाका सिकार भइरहेको प्रति सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्। काठमाडौंमा बुधबार सिविन नेपालले सरोकारवालाहरूको उपस्थितिमा एक कार्यशाला गोष्ठी गर्दै इन्टरनेटको प्रयोगले बालबालिकामाथि भइरहेको हिंसाप्रति चिन्ता प्रकट गरिएको हो।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले साइबर अपराधका घटनाहरू बढ्दै जान थालेकाले अभिभावकले सामाजिक सञ्जाल चलाउँदा विशेष सावधान रहनुपर्ने बताए।आफूहरूले ७ सय ५३ वटै पालिकामा बाल संरक्षण संयन्त्र विस्तार गर्ने उद्देश्य लिएको र हालसम्म ६५ प्रतिशत स्थानीय तहमा विस्तार गरिसकिएको उनले जानकारी दिए । कार्यक्रममा इन्टरनेट सेवा प्रदायक संघ नेपालका अध्यक्ष सुवास खड्काले एक कार्यपत्र प्रस्तुत गर्दै पछिल्लो समय बालबालिकामाथि अनलाइन माध्यमबाट यौन दुर्व्यवहार भइरहेकाले त्यसको न्यूनीकरणका लागि समाजको जागरुकता र प्रहरीको साथ अपरिहार्य रहेको बताए । उनले कसैले अनलाइनबाट यौन दुर्व्यवहार गरेमा लज्जा र हिनताबोध नगरिकन प्रहरीलाई जानकारी दिनुपर्ने विषय औंल्याएका थिए । उनले तथ्यांकले फेसबुक, इन्स्टाग्रामजस्ता माध्यमबाट बालबालिकामाथि बढी जस्तो यौनजन्य हिंसाका घटना भइरहेका बताए । त्यसैले आफ्ना बालबालिकाले प्रयोग गरिरहेका सामाजिक सञ्जालको निगरानी गर्न पनि उनले अभिभावकहरूलाई आग्रह गरेका छन्।उनले जनचेतनाको अभाव रहेको र आफ्नै नजिकका मानिसहरूले पनि सामाजिक सञ्जालको प्रयोग गरेर बालबालिकामाथि यौनजन्य अपराध गरिरहेको बताए। उनले प्रहरीसँग हातेमालो गरेर अगाडि बढेको खण्डमा भने यस्ता घटनामा केही न्यूनीकरण ल्याउन सकिने बताए । यस्तै नेपाल प्रहरीको साइबर ब्युरोका प्रहरी उपरीक्षक प्रद्युम्न ताम्राकारले नेपालमा बालबालिकामाथि र अन्य रूपमा पनि साइबर अपराधका घटना बढ्दो क्रममा रहेको बताए । उनले नेपालबाट मात्र नभएर देश बाहिरबाट पनि बालबालिकामाथि अनलाइन माध्यमबाट यौन दुर्व्यवहार भइरहेको तथ्यांक प्रस्तुत गरेका थिए।'प्रहरीले घटना न्यूनीकरणका लागि काम गरिरहेको छ। हामी थोरै जनशक्ति छौं। अपराधको दर उच्च छ। त्यसले अपराध न्यूनीकरणका लागि हामीलाई समुदायसँगै सरोकारवाला सबैको साथको खाँचो छ,' उनले भने। कार्यक्रम सहजीकरण सिविन नेपालका कार्यक्रम निर्देशक माधव लोहनीले गरेका थिए। *-डिसी नेपाल*

## रातारात परीक्षा लिएर कर्मचारी स्थायी गर्ने रजिस्ट्रारको प्रयास




गण्डकी सरकारले स्थापना गरेको गण्डकी विश्वविद्यालयमा एकै पटक ७० कर्मचारीलाई स्थायी परीक्षा लिएको छ । विश्वविद्यालयका रजिष्ट्रार कैलाश तिमिल्सिनाले विशेष आन्तरिक परीक्षाको नाममा आफू निकटका कर्मचारीलाई स्थायी गराउन लागेको सरोकारवालाको आरोप छ । पुस २ गते १५ दिने सूचना निकालेर निर्धारित मितिभन्दा अघि नै रातारात परीक्षा लिएको बताइएको छ ।

तिमिल्सिनाको कार्यकाल माघ ४ गते सकिँदै छ । उनले आफ्नो अवकाशअघि नै ती कर्मचारीलाई स्थायी गर्ने प्रक्रिया थालेका हुन् । सूचना अनुसार पुस १८ गते परीक्षा तय गरेको थियो । उनले १६ गते नै रातारात परीक्षा लिएको बताइएको छ । 'सूचना गुपचुप राखियो । कर्मचारीहरूले सूचना हेर्न पनि पाएनन् । १५ दिने सूचना भनिएको रहेछ, अहिले बल्ल १४ दिन पुगेको छ । १३ दिनमै रातारात परीक्षा किन लिइयो ?,' एक कर्मचारीले भने, 'अपारदर्शी हिसाबले काम गरियो । यो गलत छ ।' स्थायी प्रक्रियामा बदनियत भएको भन्दै उप-प्राध्यापक रवि भण्डारीले उच्च अदालत पोखरामा रिट दायर दाय गरेका थिए । रिटमाथि सुनुवाइ गर्दै अदालतले स्थायी प्रक्रिया रोकेर २२ गतेका लागि दुवै पक्षलाई छलफलमा बोलाउन आदेश दिएको छ । 'रिटले स्टे अर्डर दिन्छ भनेर नै आदेश छल्न हतार हतार स्थायी प्रक्रियाका लागि परीक्षा लिइयो । नियतवश गरिएको यस्ता गतिविधि विरुद्ध छानबिन हुनुपर्छ,' उनले भने । रातारात परीक्षा लिनकै लागि विश्वविद्यालयको नियमित पठनपाठन समेत बन्द गराइएको थियो । विवादको केन्द्रमा रहेका रजिस्ट्रार तिमिल्सिनाले भने स्थायी गर्न आफूले सक्दो प्रयास गरेको बताए । 'म संस्थापक रजिस्ट्रार भएको हिसाबले मेरो इथिक्स र धर्म भनेको यिनीहरू स्थायी हुनुपर्छ भन्ने हो,' उनले भने, 'म कानुन मान्ने गोठालो हुँ, कानुनले जे भन्छ त्यही गर्ने हो । तर यो प्रक्रिया टुङ्ग्याएर जानु नै मेरो नैतिकता हो भनेर प्रयास गरेँ ।' तिमिल्सिनाले विश्वविद्यालयमा लामो समयदेखि कार्यरत कर्मचारीहरूको भविष्य अनिश्चित भएको र उनीहरू विदेश पलायन हुनबाट रोक्न स्थायी प्रक्रिया थालेको बताए । 'यो लफडा मेरो कार्यकालमै सकियोस् भनेर आँट गरेको हुँ । भोलि नयाँ भिसी आउँदा पनि यो समस्या ज्युँका त्युँ नरहोस्,' उनले भने । वातावरण विज्ञानका उप-प्राध्यापक भण्डारीले आफूलाई नियोजित रूपमा स्थायी प्रक्रियाबाट वञ्चित गराएको आरोपसहित रिट हालेका थिए । उनी सन् २०२१ देखि विश्वविद्यालयमा कार्यरत थिए । गण्डकी विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सर्त नियमावली, २०८१ अनुसार विशेष आन्तरिक प्रतियोगितामा भाग लिन योग्य भएको दाबी उनले गरेका छन् । विश्वविद्यालयले प्रकाशित गरेको सर्टलिस्टमा उनको नाम छैन । 'रजिस्ट्रारले आफ्ना नातेदारहरू लगायतलाई स्थायी गर्न सेटिङ मिलाए । म जस्तो योग्य उम्मेदवारलाई रोक्न मेरो करार नवीकरण नै नगरी सेवाबाट हटाइयो,' भण्डारीको आरोप छ । तर रजिष्ट्रार तिमिल्सिना चाहिँ उनको नियुक्ति प्रक्रिया र अहिलेको स्थायी प्रक्रिया फरक भएको बताउँछन् । 'उनी अरू जस्तो खुल्ला प्रतिस्पर्धाबाट आउनुभएको होइन । डाइरेक्ट नियुक्तिमा आएका कन्सल्टेन्ट व्यक्ति अहिले विश्वविद्यालयलाई चाहिएन, करार थप भएन,' उनले भने । स्थायी प्रक्रियामा विश्वविद्यालयले प्रदेश सरकारलाई पनि बेवास्ता गरेको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले आर्थिक दायित्व सिर्जना हुने विषयमा सरकारको पूर्व स्वीकृति नलिएको भन्दै असहमति जनाएको थियो । विश्वविद्यालय ऐनको दफा ४१ अनुसार सरकारको स्वीकृति अनिवार्य छ । तर, विश्वविद्यालयले सरकारको पत्रलाई फालेर आफूखुसी नयाँ नियमावलीको नाममा कर्मचारीको स्थायी भर्ती गर्न लागिएको हो ।नियमावली अनुसार १५ दिनको सूचना निकाल्नुपर्नेमा, पत्रिकामा सूचना ननिकाली र वेबसाइटमा समेत नराखी गुपचुप फारम भराएको आरोप असन्तुष्ट पक्षको छ । पुस १८ को परीक्षालाई अदालतको आदेश छल्न पुस १६ गते नै सारेको भन्दै तालुक मन्त्रालय समेतले प्रश्न उठाएको छ । स्थायी पदपूर्तिमा प्रदेश लोकसेवा आयोगको प्रतिनिधि अनिवार्य हुनुपर्ने माग सरोकारवालाले उठाएका छन् । रजिष्ट्रार तिमिल्सिनालाई निमित्त उपकुलपतिको समेत जिम्मेवारी दिएका कारण मनोमानी गरेको आरोप लगाइएको छ । अर्कोतिर, ७ सदस्यीय न्यायिक परिषद्मा हाल ३ जना मात्र छन् । कोरम नै नपुगी नीतिगत निर्णयहरू गरिएकोले बदर हुनुपर्ने माग रिटमा उल्लेख छ । स्थायी परीक्षा लिएपनि नतिजा ननिकालेका कारण अदालतको आदेश बमोजिम अघि बढ्ने विश्वविद्यालयले जनाएको छ । 'परीक्षा सकियो । अब कपी चेक गर्न बाँकी छ । अगाडि अदालतले जे भन्छ त्यही हुन्छ,' रजिष्ट्रार तिमिल्सिनाले भने । प्रदेश सरकारले विश्व बजारमा बिक्न सक्ने जनशक्ति उत्पादन गर्न स्थापना गरेको विश्वविद्यालय अहिले राजनीतिक खिचातानीमा फसेको छ । कुलपति काँग्रेसको कोटाबाट नियुक्त भैसकेका छन् भने उपकुलपतिमा भागबण्डा नमिलेका कारण लामो समयसम्म नियुक्त हुन सकेका छैनन् ।-**रातोपाटी डटकम**

## प्याब्सनले बनायो 'विपद् व्यवस्थापन विभाग'

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले प्राकृतिक प्रकोप तथा विभिन्न प्रकारका विपद्का समयमा सदस्य विद्यालय तथा सम्बद्ध व्यक्तिहरूलाई व्यवस्थित, समन्वित र प्रभावकारी सहयोग उपलब्ध गराउने उद्देश्यले 'प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन विभाग' गठन गरेको छ ।

बाढी, पहिरो, भूकम्प, महामारीजस्ता प्राकृतिक प्रकोपले समय(समयमा देशभर प्रभाव पार्ने तथा त्यसका प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्र र निजी विद्यालय समुदायमा पर्ने यथार्थलाई मध्यनजर गर्दै यस विभाग गठन गरिएको प्याब्सनले जनाएको छ । विगतका वर्षहरूमा विपद्का बेला राहत, सहजीकरण र समन्वयका विभिन्न मानवीय अभियानहरू सञ्चालन गर्दै आएको र ती अनुभवलाई संस्थागत रूप दिन यो कदम उठाइएको जानकारी प्याब्सनका महासचिव आरबी कटवालले दिएका छन् । प्याब्सन केन्द्रीय कार्यसमितिको निर्णयअनुसार गठन गरिएको विभागको कार्यविधि तथा सञ्चालन मोडालिटी तयारीको जिम्मेवारी केन्द्रीय उपाध्यक्ष रविन्स शर्मालाई प्रदान गरिएको छ । शर्माको संयोजनमा गठन हुने समितिमार्फत विपद् व्यवस्थापन, राहत संकलन, सहयोग वितरण तथा आपतकालीन समन्वयका गतिविधि दिगो र प्रभावकारी रूपमा अघि बढाइने अपेक्षा संस्थाले व्यक्त गरेको छ । संस्थाले यस मानवीय तथा संस्थागत सहयोग अभियानमा सम्पूर्ण सदस्य विद्यालय, पदाधिकारी तथा प्रदेश, जिल्ला र पालिका संरचनाहरूलाई सक्रिय सहकार्य र समन्वयका लागि आह्वान गरेको छ ।*-हाम्रा कुरा डटकम*

# आगन सहकारीले मनायो साधारण सभा



**हाम्रा संवाददाता** ——————

**पाल्पा,** पुस २०/ जिल्लाको तानसेन नगरपालिका -२ पाल्पा रहेको आगन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो छैटौं साधारण सभा मनाएको छ । सहकारीले शनिबार एक औपचारिक कार्यक्रमकाबिच सभा मनाएको हो ।

सभाको प्रमुख अतिथि संस्थाका निवर्तमान अध्यक्ष तथा सल्लाहकार भीमलाल भट्टराई उद्घाटन गरेका हुन । सभाको उद्घाटन गर्दै भट्टराईले आगन बहुउद्देश्यीय सहकारी संस्थाले शेयर सदस्य मैत्री भएर काम गरेको बताए । उनले भने "यसका अधिकांश शेयर सदस्य निम्न वर्गका छन् । उनीहरूको आर्थिक उन्नतिमा सहयोग पुग्ने गरी लगानी गर्नु अहिलेको आवश्यकता हो ।" विशिष्ट अतिथि जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भूपति पाण्डेले शेयर सदस्यलाई केन्द्रमा राखेर सहकारीको गतिविधिलाई प्रभावकारी बनाउनुपर्ने बताए । उत्पादक क्षेत्रमा लगानी गर्न उनले सुझाव दिए । तानसेन नगरपालिकाका प्रशासकीय अधिकृत भरत आचार्यले नगरपालिका सहकारीसँग आवश्यक सहकार्य गरेर अगाडि बढ्ने बताए । पाल्पा उद्योग बाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले आर्थिक, सामाजिक विकास र सदस्यको आर्थिक गतिविधिलाई सुधार्न सहकारीले भूमिका खेलेको बताए । सहकारीले धेरैलाई स्वरोजगार बनाएको उनले बताए । संस्थाका लेखा परीक्षक राधेश्याम ज्ञवालीले सहकारीमा विकृत भित्रिनबाट रोक्न सचेत हुनुपर्ने बताए । संस्थाको लेखा व्यवस्थापन राम्रो रहेको र आर्थिक क्रियाकलापलाई अझै पारदर्शी बनाउन प्रविधि मैत्री बनाउनुपर्ने उनले बताए । सभामा सहकारीका अध्यक्ष गोपालप्रसाद बस्यालले प्रगति प्रतिवेदन, कोषाध्यक्ष रामप्रसाद खनालले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा एसईई र प्रमाणपत्र तहमा उत्कृष्ट नम्बर ल्याएर उतीर्ण भएका शेयर सदस्यका छोराछोरी र असल बचत कर्ता, असल ऋणी, जेष्ठ शेयर सदस्य, कर्मचारी लगायतलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष गोपालप्रसाद बस्यालको अध्यक्षता, उपाध्यक्ष मिलन विश्वकर्माले स्वागत ,सचिव श्रीप्रकाश ढुंगानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## आँधीखोला करिडोरको ...

...वालिङ बजारबाट सरसफाइ केन्द्रसम्म आवतजावतका लागि अर्मादी र मिर्दीखोला छन् । यस वर्ष अर्मादी खोलामा पक्की पुल बने पनि मिर्दी खोलाबाटै सवारीसाधन सञ्चालन गर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन् । वर्षाका समयमा पनि आँधीखोला करिडोरमा निर्वाध रूपमा सवारीसाधन सञ्चालन गर्ने उद्देश्यले यहाँ पुल निर्माण थालिएको बताउँदै इञ्जिनियर रेग्मीले आगामी आर्थिक वर्षमा मिर्दीखोलामा पनि पक्की पुल निर्माण गर्न ठेक्का लगाउने तयारी भइरहेको जानकारी दिए । आँधीखोलाको किनारैकिनार भएर गएको आँधीखोला करिडोरमा पुल निर्माण भएपछि आँधीखोलाको किनार, अर्मादीखोला र मिर्दीखोलाको किनारमा फैलिएका खेतीयोग्य भूमिमा उब्जाउ भएका कृषिजन्य वस्तु तथा नदीजन्य सामग्री करिडोर हुँदै ढुवानी गर्न सकिनेछ । करिडोर पूर्णमा रूपमा सञ्चालनमा आएसँगै सिद्धार्थ राजमार्ग तथा वालिङ बजारभित्रका सडकमा सवारी चाप कम हुने देखिन्छ ।

*- रासस*

## घरदैलोमा घुम्ती...

..घुम्ती शिविरले सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता बढेको महशुस गरेको उनको भनाई छ । स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकाले पहुँचभन्दा टाढा बसेका जनताको लागि यस्ता शिविरले राहत मिलेको छ ।

घुम्ती शिविरले जनताको समय, खर्च र झन्झट घटाएको छ भने पूर्वखोला गाउँपालिकाको सेवाप्रति जनतामा विश्वास पनि बढाएको छ । जनताको माग र आवश्यकतालाई ध्यानमा राखेर घुम्ती शिविर मार्फत पालिकाले सबै सेवा सुविधा एउटै छानमुनी उपलब्ध गराएको पालिका अध्यक्ष नुन बहादुर थापाले बताए । अधिकाश गाउँमा पुरुषहरु रोजगारीको लागि विदेशिएका छन् । गाउँका सामाजिक कामदेखी व्यवहारिक काममा महिला नै अग्रसर हुँदै आएका छन् । पालिकाका हरेक योजनामा महिला सहभागिता बढ्दै गएको छ । शिविरमा सबैभन्दा बढी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गले सेवा लिएको गाउँपालिका उपाध्यक्ष भागीरथी शर्मा भट्टराईले बताईन । पालिकामा केन्द्रिकृत रहेको सेवालाई पूर्वखोला गाउँपालिकाले वडा, वडाको टोलबस्तीमा पुर्‍याएको छ । पालिकाको केन्द्रमा पाउने सबै किसिमका सेवाहरु आफ्नै गाउँ ठाउँमा पाएका छन् । गाउँपालिकाले बार्षिक रुपमा एक पटक र अन्य समयमा अवस्था अनुसार एकिकृत घुम्ती शिविर सञ्चालन गर्दै आएको र जनताको मागमा आधारित भएर पालिकाले शिविरमा सेवाका प्रकृतिहरु विस्तार गर्दै लगिएको प्रमुख प्रशासकीय अधिकृत राजु नेपालले बताए । एकै स्थानमा विस भन्दा बढी एकिकृत सेवा प्रवाह पाउँदा जनताहरु उत्साहित भएका छन् । जसको कारणले जनताको धेरै पैसाको बचत भएको छ भने एकै दिनमा सबै किसिमको सेवा सुविधा एउटै स्थानबाट पाउँदा समयको पनि बचत भएको छ । पालिकामा मात्र सिमित रहेको सेवा गाउँ गाउँमा पुग्दा जनतामा सकारात्मक धारणा बढेको, वडा तथा पालिकाका योजना कार्यान्वयमा छिटो छरितो भएको, पालिका गएर सेवा लिदा धेरै पटक पालिका धाउनु पर्ने, वडावासीको हजारौं रुपैयाँ खर्च हुन्थ्यो, एकिकृत घुम्ती शिविर मार्फत जनताले वडा कार्यालयबाटै पालिकाले दिने सबै किसिमका सेवा सुविधा पाएको २ का वडा अध्यक्ष निर बहादुर सारुले बताए ।

खेलकुद समाचार

## महिला टी-२० खेल्ने नेपाली टोली घोषणा



**काठमाडौं,** पुस २०/नेपाल क्रिकेट संघ (क्यान) ले आईसीसी महिला टी-२० विश्वकप ग्लोबल छनोट खेल्ने नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ । क्यानले आइतबार इन्दु बर्माको कप्तानीमा १५ सदस्यीय अन्तिम टोली घोषणा गरेको हो ।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को कार्यक्रमअनुसार यही जनवरी १२ देखि फेब्रुअरी १ (पुष २८ देखि माघ १८) सम्म काठमाडौंमा आईसीसी महिला टी२० विश्वकप ग्लोबल छनोट प्रतियोगिता हुनेछ । घोषित टोलीको उपकप्तानमा पुजा महतो छिन् । दोस्रो चरणको प्रशिक्षणमा रहेका २० खेलाडीबाट अन्तिम टोली छानिएको हो । रुबी पोदार, सना प्रविन, इश्वरी विष्ट, सोनी पाखिन र लक्ष्मी साउदले अन्तिम टोलीमा स्थान बनाउन सकेनन् । टोलीमा अनुभवी अलराउण्डर सीता राना मगरले पनि कमब्याक गरेकी छिन् । सीता नेपालको पहिलो पुस्ताका महिला क्रिकेटर हुन् । उनी यसअघि नेपालले एसिया छनोट खेल्दा टिम बाहिर थिइन् । यस्तै सोमु विष्ट र काजल श्रेष्ठले पनि टिममा पुनरागमन गरेका छन् । यसअघि एसिया छनोट खेलेका रुबि पोदार, सबनम राई र इश्वरी विष्ट भने ग्लोबल छनोट खेल्ने टिममा छैनन् । महिला टी२० विश्वकप ग्लोबल छनोटमा नेपालसहित १० राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । जसबाट शीर्ष चार टोलीले इंग्ल्याण्डमा हुने महिला टी२० विश्वकपमा स्थान बनाउनेछ ।नेपालसँगै थाइल्याण्ड, स्कटल्याण्ड, नेदरल्याण्ड्स र जिम्बाव्वे समूह बी मा छन् । यस्तै बंगलादेश, आयरल्याण्ड, नामिबिया, पपुवा न्यु गिनी र अमेरिका समूह ए मा छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से दोहोरो अङ्कको गिरावट



**पाल्पा,** पुस २० / सेयर बजारमा दोहोरो अंकको गिरावट आएको छ । साताको पहिलो सेयर कारोबार दिन आइतबार नेप्से परिसूचक १० दशमलव २९ अंकले घटेर बन्द भएको हो ।

सेन्सेटिभ इण्डेक्स ३ दशमलव २२ अंकले घटेर ४ सय ५१ दशमलव ०७ विन्दुमा पुगेको छ । यसदिन ३ सय २३ स्क्रिप्सको १ करोड २ लाख ७४ हजार १ सय २६ कित्ता सेयर ५ अर्ब १ करोड ७५ लाख ९७ हजार २ सय ९४ रुपैयाँमा खरिदबिक्री भए । नेप्से दोहोरो अंकले घटेपनि दुईवटा कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ ।कारोबारमा होटल तथा पर्यटन समूह शून्य दशमलव ६२, उत्पादन तथा प्रशोधन एक दशमलव ०४ र व्यापार समूह शून्य दशमलव ३४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ८०, वित्त शून्य दशमलव १३, जलविद्युत शून्य दशमलव ४९, लगानी शून्य दशमलव ३२, जीवन बीमा शून्य दशमलव ८८, लघुवित्त शून्य दशमलव ३२, म्युचुअल फन्ड शून्य दशमलव २९, निर्जीवन बीमा शून्य दशमलव ८६ र अन्य समूह एक दशमलव ६९ प्रतिशतले घटेको छ ।

विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र श्रीनगर एग्रीटेक इन्डस्ट्रिज लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य चार दशमलव ३२ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै एसवाई प्यानल नेपाल लिमिटेडको सबैभन्दा धेरै ३० करोड, ६५ लाख, ८५ हजार, ७६ बराबरको शेयर किनबेच भएको छ । त्यस्तै कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै एनआईसी एसिया बैंक लिमिटेडको छ लाख ३४ हजार ७ सय ४९ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई